सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली,२०७६

प्रदेश सरकार मन्त्रिपरिषद् मिति २०७६/११/२० को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

सुदूरपश्चिम प्रदेश

धनगढी

सुदूरपश्चिममा प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यी नियमहरुको नाम "सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली प्रदेश सरकारबाट स्वीकृत भएपछि प्रदेशभर लागु हुनेछ।

२. परिभाषा: (१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा, -

(क) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) "ऋण" भन्नाले ऐन बमोजिम प्रदान गरिने थोक तथा खुद्रा कर्जा सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले ऐनको दफा ३ बमोजिमको कोष सञ्चालन गर्न प्रदेश सरकारबाट स्थापित कार्यालयलाई समेत सम्मझनु पर्छ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले ऐनको दफा २ (ङ) मा उल्लेखित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापित कोष सम्झनु पर्छ ।

(च) "प्रस्ताव" भन्नाले कोषबाट लिने ऋण र आफ्नो रकम समेत लगानी गरी कुनै व्यवसाय संचालन गर्न तयार पारिएको परियोजना प्रस्ताव र सोसंग सम्बन्धित चल अचल सम्पतिको विवरण समेत सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले ऐनको दफा ७ बमोजिमको कोष संचालक समिति सम्झनु पर्छ ।

सचिव

परिच्छेद -२
कोषको संचालन तथा व्यवस्थापन

३. कोषको संचालनः (१) ऐनको दफा ३ बमोजिम स्थापित कोषको मूल खाता नेपाल सरकारको स्वामित्व रहेको बैंकमा रहनेछ।

(२) कोषले मन्त्रालयको स्वीकृति लिई बैंक तथा वित्तीय संस्थामा अन्य खाता संचालन गर्न सक्नेछ।

(३) कोषले ऐनको दफा ३८ बमोजिम आफूलाई आवश्यक पर्ने प्रशासनिक खर्च माग गर्नको लागि प्रदेश सरकारको वार्षिक बजेट निर्माणका क्रममा आधार र कारण सहितको बजेट तथा कार्यक्रम मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) मन्त्रालयले कोषको प्रशासनिक खर्चको लागि आवश्यक बजेट व्यवस्था गर्नेछ।

(५) कोषको रकम प्रशासनिक काममा खर्च गर्न पाईने छैन ।

(६) कोषले मन्त्रालयको स्वीकृति विना प्रोत्साहन, अतिरिक्त समय भत्ता लगायतका कुनै पनि थप आर्थिक सुबिधा प्रदान गर्न सक्ने छैन ।

४. कोषको खाता संचालनः (१) कोषको मूल खाताको संचालन कार्यकारी निर्देशक र कोषको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।कार्यालयको अन्य खाताको संचालन समितिको निर्णय अनुसार गर्न सकिनेछ ।

(२) कार्यकारी निर्देशकको पद रिक्त रहेको अवस्थामा समितिको स्वीकृति लिई कोषको वरिष्ठतम कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ।

(३) ऐनको दफा ६ बमोजिम कोषलाई प्राप्त भएको रकम ऐनको दफा ३ बमोजिम स्थापित कोषको मूल खातामा जम्मा गरिनेछ र मूल खाताबाट समितिको निर्णय अनुसार अन्य खातामा सार्न सकिनेछ ।

(४) कार्यालयको दैनिक प्रशासन संचालन खर्च गर्न छुटै खाता खोल्नु पर्नेछ र मूल खाताबाट प्रशासनिक खर्च गर्न पाइने छैन ।

५. बजेट निकासा र खर्चः (१) कोषको उद्देश्य परिपूर्तिको लागि मन्त्रालयले प्रशासनिक खर्च र कोषमा जम्मा हुने प्रयोजनको लागि छुट्टाछुट्टै रकम उपलब्ध गराउनेछ।

(२) प्रशासनिक खर्च बापत मन्त्रालयबाट प्राप्त रकम कोषले बाँडफाँड गरी समितिबाट स्वीकृत गराई खर्च गर्नु पर्नेछ।

(३) कोषले प्रचलित कानून वमोजिम खर्च गर्नुपर्नेछ ।

६. उपसमितिको गठनः (१) समितिले देहाय बमोजिमका उपसमिति गठन गर्न सक्नेछः-

(क) ऋण लगानी तथा असुली उपसमिति

(ख) ऋण अनुगमन उपसमिति

सचिव

(ग) समितिले तोकेको अन्य विषयगत उपसमितिहरु

(२) उपनियम १ बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोके बमोजिम हुनेछ ।

७. <u>कोषको प्रयोगः</u> (१) कोषको प्रयोग ऐनको दफा ५ बमोजिमको उद्देश्य पूर्ति गर्ने कार्यको लागि गरिनेछ।

(२) कोषमा रहेको रकम कोषको उद्देश्यमा प्रतिकुल असर नपर्ने गरी बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्था, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त लघुवित्त वित्तीय कारोवार गर्ने संघ संस्था र त्यस्तै प्रकृतिका अन्य संघ संस्थालाई समितिको निर्णय बमोजिम केन्द्रीय कार्यालय मार्फत ऋण कर्जा लगानी गर्न सक्नेछ । कोषले प्रदेश भित्र आफ्ना अन्य कार्यालय मार्फत खुद्रा कर्जा लगानी गर्नेछ।

(३) कोषको रकमको रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

(४) कोषले ऋण लगानी गर्दा, कुनै प्रकारको रकम हस्तान्तरण गर्दा वा अन्य प्रयोजनका लागि भुक्तानी गर्दा बैंक मार्फत मात्र कारोबार गर्नु पर्नेछ।

सचिव

परिच्छेद-३

ऋण लगानी, असुली र बिमा सम्बन्धी व्यवस्था

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय धनगढी, कैलाली नेपाल

८. **थोक कर्जा लगानी सम्बन्धी व्यवस्थाः** (१) कोषको उद्देश्य बमोजिम समितिमा कर्जाको सिफारिस गर्न देहाय बमोजिम ऋण लगानी उपसमिति हुनेछः-

(क) कार्यकारी निर्देशक - संयोजक

(ख) उपकार्यकारी निर्देशक - सदस्य

(ग) निर्देशक ऋण लगानी तथा असुली शाखा -सदस्य सचिव

(२) ऋण लगानी सिफारिस गर्नु पूर्व सम्बन्धित संस्थाबाट पेश हुन आएको प्रस्ताव उपर कार्यालयको तर्फबाट पूर्व लगानी सम्भाव्यता अध्ययन गरिनेछ ।

(३) थोक कर्जा लगानी सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ३६ को अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।

९. **खुद्रा कर्जा लगानी सम्बन्धी व्यवस्थाः** (१) कोषको उद्देश्य बमोजिम खुद्रा कर्जाको लगानी गर्न देहाय बमोजिम ऋण लगानी उपसमिति हुनेछः-

(क) उपकार्यकारी निर्देशक - संयोजक

(ख) ऋण लगानी तथा असुली हेर्ने निर्देशक - सदस्य

(ग) कार्यक्रम अधिकृत (सातौं तह), ऋण लगानी उपशाखा - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको उपसमितिले प्रवाह गर्ने ऋणको सीमा नियम १२ बमोजिम हुनेछ ।

(३) कोषको केन्द्रीय कार्यालय बाहेक अन्य कार्यालयबाट ऋण लगानी गर्ने ऋणको सीमा र उपसमितिको संरचना समितिले तोके बमोजिम हुनेछ ।

(४) कार्यालयले खुद्रा कर्जा लगानी अगावै पूर्व लगानी सम्भाव्यता अध्ययन गरी उपयुक्त देखिएमा लगानी गरिनेछ ।

(५) खुद्रा कर्जा लगानी सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ३६ को अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।

१०. **ऋण असूली सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले लगानी गरेको ऋण असुलीका लागि देहाय बमोजिमको ऋण असुली उपसमित गठन हुनेछः-

(क) निर्देशक ऋण लगानी उपशाखा - संयोजक

(ख) कार्यक्रम अधिकृत (छैठौं) ऋण असुली उपशाखा - सदस्य

(ग) सहायक पाँचौ, ऋण असुली उपशाखा - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको ऋण असुली समितिले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) कोषले लगानी गरेको कर्जाको विवरण अद्यावधिक गर्ने,

सचिव

(ख) लगानी भएका कर्जाहरु मध्ये भाखा नाघेका कर्जाहरुको विवरण अद्यावधिक गर्ने,

(ग) भाखा नाघेका ऋणीहरुलाई कर्जा चुक्ता गर्नको लागि पत्राचार गर्ने,

(घ) भाखा नाघेका ऋणीहरुबाट ऋण असुली गरी कोषमा जम्मा गर्ने,

(ङ) कर्जाहरुको भाखा नाघ्न नदिन आवश्यक ताकेता तथा पत्राचार गर्ने,

(च) ऐन तथा नियमावली बमोजिम भाखा नाघेका कर्जा असुलीको लागि पत्रिकामा सूचना प्रकाशित गर्ने, चल अचल सम्पति रोक्का राख्ने लगाएतका आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउने, र

(छ) ऋण लगानी शाखालाई भाखा नाघेका ऋणीहरुको सम्बन्धमा आवश्यक जानकारी उपलब्ध गराउने ।

(३) ऋण असुली सम्बन्धी अन्य व्यवस्था ऐनको दफा ३६ को अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।

११. <u>बैठक सम्बन्धी व्यवस्था</u> : (१) नियम (८), नियम (९) र नियम (१०) बमोजिमको ऋण/कर्जा लगानी तथा असुली उपसमितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) ऋण लगानी तथा असुली उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ख) वैठकमा उपसमितिका सम्पूर्ण सदस्यहरुको उपस्थिति हुनुपर्ने छ ।

(ग) उपसमितिको कुनै सदस्य लामो समय अनुपस्थित भएमा वा लामो बिदामा बसेभा कार्यकारी निर्देशकले उपसमितिको सदस्यको काम गर्ने गरी कोषको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्ने छ।

(घ) ऋण लगानी तथा असुली उपसमितिले गरेको प्रत्येक ऋणको लगानीको लागि छुट्टै माईन्युट बनाई निर्णय पुस्तिकामा सबै सदस्यले दस्तखत गर्नुपर्ने छ ।

(ङ) ऋण लगानी तथा असुली उपसमितिको बैठक बसेवापत कुनै बैठक भत्ता वा अतिरिक्त सुविधा उपलब्ध गराईने छैन ।

(च) नियम (८) बमोजिमको उपसमिति समिति प्रति, नियम (९) र नियम (१०) बमोजिमको उपसमिति कोषको कार्यकारी निर्देशक प्रति उत्तरदायी हुनेछ ।

(२) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. <u>ऋण सीमा तथा लगानी गर्ने आधारहरु</u> : (१) कोषले गर्ने थोक तथा खुद्रा कर्जा लगानी प्रति ग्राहक सीमा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।उक्त रकम किस्ताबन्दीमा प्रदान गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रवाह गरिएको कर्जाको पहिलो किस्ता रकमको सदुपयोगिता अध्ययन गरी ऋणको सदुपयोग भएको यकिन गरी दोश्रो किस्ता कर्जा उपलब्ध गराउनु पर्नेछ।

(४) ऋण लगानी उपसमितिले ऋण लगानी गर्दा देहायका आधारहरु अवलम्बन गरी ऋण लगानी गर्नुपर्ने छः-

सचिव

(क) ऐनले तोकेका क्षेत्रहरु,

(ख) ऐनले तोकेका लाभग्राहीहरु,

(ग) ऋणको साँवा तथा व्याज भुक्तानीको समय, तरिका र प्रक्रिया,

(घ) लाभग्राहीको परियोजना,

(ङ) ऋणको प्रयोजन र अवधि,

(च) ऋण तिर्न सक्ने क्षमता,

(छ) सुरक्षण तथा जमानतको विधि र प्रक्रिया,

(ज) प्रत्येक ऋणीको ऋणको फाइल अद्यावधिक गर्ने विषय,

(झ) ऋण लगानीको अद्यावधिक विवरण,

(ञ) अन्य संस्थाबाट सोही प्रयोजन वा अन्य प्रयोजनका लागि लिएको ऋणको अवस्था, र

(ट) समितिले तोकेका अन्य क्षेत्रहरु ।

१३. <u>ऋण फिर्ता र कारबाही सम्बन्धी व्यवस्थाः</u> (१) ऋणीले लिएको थोक तथा खुद्रा कर्जाको साँवा तथा व्याज भुक्तानी गर्ने समय, साँवा तथा व्याजको रकम र प्रक्रिया सम्बन्धी जानकारी ऋण लगानीको समयमा नै ऋणीलाई प्रदान गर्नु पर्नेछ ।

(२) ऋण लगानी गर्दा ऋणी र कोष बीच भएको लगानी सम्बन्धी तमसुकमा असुलीका प्रक्रियाहरु तथा सम्भावित कारबाहीहरु उल्लेख गरी सहीछाप गर्नु पर्नेछ ।

(३) ऋणको साँवा तथा व्याज भुक्तानीको समय, साँवा व्याज रकम र भुक्तानी तालिका समितिको सहमतिमा कोषले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(४) तोकिएको समयमा ऋणको साँवा तथा व्याज भुक्तानी गर्ने ऋणी वा संस्थालाई समितिले निर्धारण गरे बमोजिम प्रोत्साहन खर्च उपलब्ध गराउन सकिनेछ ।

(५) ऋणीले लिएको ऋणको साँवा र व्याज भुक्तान नगरेमा कोषले ऋणीलाई देहाय बमोजिमको कारबाही चलाउन सक्नेछः-

(क) ऋण लिंदाको बखत ऋणीले उल्लेख गरेको वा ऋणी वा एकाघर परिवारको नाममा रहेको चल,अचल सम्पत्ति रोक्का गर्ने,

(ख) ऋणीले सरकारी निकायबाट प्राप्त गर्ने सिफारिस तथा सेवा सुविधा रोक्का गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने,

(ग) ऋणीलाई कालो सूचीमा राख्ने,

(घ) ऋणीको तथा एकाघर परिवारको नाउँमा रोक्का रहेको चल, अचल सम्पत्ति लिलाम गरी ऋण असुली गर्ने, र

(ङ) अन्य प्रचलित ऐन, कानूनको अधिनमा रही असुल उपर गर्ने ।

सचिव

(६) समितिले ऋण असुली उपसमितिलाई ऋण असुलउपर गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

१४. ऋण लगानी सम्बन्धी प्रक्रियागत व्यवस्थाः (१) कोषबाट बैक वा वित्तिय संस्था वा सहकारी संस्थाले ऋण प्राप्त गर्दा ऋण लगानी सम्बन्धी कार्यविधिमा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(२) कोषबाट व्यक्तिले ऋण प्राप्त गर्न ऋण लगानी सम्बन्धी कार्यविधिमा तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

(३) कोषमा प्राप्त ऋण कर्जा माग सम्बन्धी प्रस्तावहरु छनौट गर्न थोक कर्जाको हकमा नियम ८ र खुद्रा कर्जाको हकमा नियम ९ बमोजिमको गठित समितिले मुल्याङ्कन समितिको समेत काम गर्नुपर्नेछ । मुल्यांकन समितिमा आवश्यकता अनुसार विशेषज्ञहरुलाई समेत समावेश गर्न सकिनेछ ।

स (४) कुन जिल्लामा कतिवटा बैंक, वित्तिय संस्था तथा सहकारी संस्थालाई ऋण उपलब्ध गराउने भन्ने निर्णय गर्ने अन्तिम अधिकार कोषसंग सुरक्षित रहने छ ।

१५. ब्याज सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा २२ बमोजिम कोषबाट थोक कर्जा सुबिधा उपभोग गर्ने संस्थाले ऋणको लागत (कस्ट अफ फन्ड) गणना गर्दा कोषबाट लिएको ऋणको व्याजको आधारमा मात्र गणना गर्नु पर्नेछ ।यसरी गणना गरिएको कस्ट अफ फण्डमा ४ प्रतिशत भन्दा बढी स्प्रेडदर राखी लगानी गर्न पाउने छैन ।

(२) थोक तथा खुद्रा कर्जाको व्याजदर समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) थोक कर्जा प्राप्त गर्ने संस्थालाई कर्जा उपभोग गर्न समितिले निर्धारण गरे बमोजिम प्रोत्साहन दिइनेछ।

१६. ऋण सुरक्षण सम्बन्धी व्यवस्थाः (१) ऋणीको परियोजनाको जोखिम न्यूनीकरण गर्नका लागि बीमा गराउनु पर्नेछ।

(२) ऋणको बीमा गर्ने सम्बन्धी व्यवस्था ऐनको दफा ३६ को अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।

सचिव

परिच्छेद–४

स्वयंसेवक, सहयोगी संस्था र तालिम सम्बन्धी व्यवस्था

१७. स्वयंसेवक संस्थाको नियुक्ति र परिचालन सम्बन्धी व्यवस्थाः (१) स्वरोजगार विकास कोषका कार्यक्रमहरु संचालन भएका जिल्लाहरुमा वा प्रदेशभरको लागि स्वयंसेवक वा सहयोगी संस्थाको छनौट कोषले तोकेको योग्यता र मापदण्डको आधारमा प्रस्ताव माग गरी गरिनेछ ।

(२) कोषले स्वयंसेवक भई कार्य गर्न इच्छुक स्वयंसेवक र सहयोगी संस्थाहरुलाई स्वयंसेवक वा सहयोगी संस्थाको रुपमा कार्य गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ ।

(३) स्वयंसेवक र सहयोगी संस्थाहरुलाई प्रदान गरिने सुविधा समितिको निर्णय बमोजिम कोषबाट प्रदान गर्न सकिनेछ ।

(४) स्वयंसेवक वा सहयोगी संस्था कोष प्रति जवाफदेही हुनेछ ।

(५) कोषले समितिको निर्णय बमोजिम स्वयंसेवक वा सहयोगी संस्थाले गर्नसक्ने कार्यजिम्मेवारी करारको माध्यमबाट तोक्न सक्नेछ ।

(६) कोषले स्वयंसेवक वा सहयोगी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । सो निर्देशनको पालना गर्नु स्वयंसेवक वा सहयोगी संस्थाको कर्तव्य हुनेछ ।

१८. व्यवसायिक तालिम सम्बन्धी व्यवस्थाः (१) ऐनको दफा (५) मा उल्लेखित उद्देश्य पुरा हुने गरी सोही दफामा उल्लेखित विषयक्षेत्रमा कोषले लाभग्राहीहरुलाई तालिम प्रदान गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कोषले आफै वा सम्बन्धित विषयका तालिम प्रदायक संस्था छनौट गरी तालिम प्रदान गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिमका संस्था छनौट गर्दा स्थानीय स्तरमा निःशुल्क रुपमा तालिम सञ्चालन गरिरहेका र गर्न चाहने स्वयंसेवी वा सहयोगी संस्थालाई प्राथमिकता दिइनेछ ।

(४) तालिम प्रदायक संस्था, स्वयंसेवी वा सहयोगी संस्थालाई कोषले तालिम सामग्री अनुदान उपलब्ध गराउन सक्नेछ।

(५) कोषले ऋण प्रवाह गर्नु अघी सम्बन्धित बिषयमा अभिमुखीकरण वा तालिम दिनुपर्नेछ।

(६) कोष वा कोष बाट थोक कर्जा प्राप्त गरी लगानी गर्ने बैंक तथा बित्तीय संस्था वा सहकारी संस्थाले लाभग्राहीका लागि परियोजना विकास (प्रोजेक्ट डेभलप्मेण्ट) लगायतका विषयमा अभिमुखीकरण तालिम प्रदान गर्न सक्नेछ ।

(७) एकै प्रकृति र स्तरको तालिम एकै व्यक्तिलाई दोहोऱ्याएर प्रदान गरिने छैन ।

(८) कोषले आफू वा तालिम प्रदायक संस्थाबाट तालिम प्रदान गरेका व्यक्ति वा संस्थाहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

सचिव

परिच्छेद-५

विविध

१९. प्रतिवेदन पेश गर्नुपर्ने: कोषले ऐनको दफा २८ बमोजिम वार्षिक प्रतिवेदन पेश गर्दा अनुसूची -१ मा उल्लेखित बिषयको अतिरिक्त कोषको सम्पत्ति र दायित्व समेत देखिने बित्तिय विवरण सहित समावेश गरि मन्त्रालय र समिति समक्ष पेश गर्नु पर्नेछ ।

२०. शपथ ग्रहण: ऐनको दफा १५ बमोजिम नियुक्त हुने कार्यकारी अधिकृत र दफा ७ को उपदफा (१) को खण्ड (च) बमोजिम मनोनित हुने व्याक्तिले अनुसूची – २ बमोजिमको ढाँचमा शपथ लिनुपर्नेछ।

२१. बैठक भत्ता सम्बन्धी व्यवस्था: (१) समितिको बैठक वापत सदस्यहरुलाई प्रति बैठक रु.२,५००/- बैठक भत्ता प्रदान गरिनेछ ।

(२) बैठक खर्च सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२२. अनुसूचीमा थपघट वा हेरफेर: मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

सचिव

अनुसूची - १

(नियम १९ संग सम्बन्धित)

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको

प्रतिवेदनको ढाँचा

आ.व..........

क्र.सं.	विवरण	रकम	कैफियत
	क) कोषको अवस्था		
१	कोषलाई वर्षभरिमा प्राप्त भएको रकम		
२	कोषले गरेको थोक तथा खुद्रा कर्जा लगानी		
३	कोषमा वर्षको अन्त्यमा बाँकी रहेको रकम		
	ख) ऋण लगानी तथा असुली		
१	गत आर्थिक वर्षसम्मको ऋण लगानी		
२	यस वर्षमा थप भएको ऋण लगानी		
३	गत आर्थिक बर्षसम्म कूल ऋण असुली		
४	यस बर्ष भएको कूल ऋण असुली		
	ग) ऋण वर्गिकरण		
१	भाका नाघेको ऋण		
२	भाका ननाघेको ऋण		
	घ) तालिम सम्बन्धी विवरण		
१	गत आर्थिक वर्षसम्म तालिम प्राप्त व्यक्ति		
२	चालु आर्थिक वर्षमा तालिम प्राप्त व्यक्ति		
३	स्वरोजगार		

अन्य विवरण (संलग्न गर्ने) :

(क) कोषले प्रदान गरेको तालिम र ऋणको प्रभावकारीता,

(ख) कोषले गरेको कूल लगानी मध्ये बिषय क्षेत्रगत र जिल्लागत विवरण,

(ग) कोषले गरेको थोक कर्जा लगानी (जिल्लागत),

(घ) कोषले गरेको संचालन खर्च (जिल्लागत),

(ङ) कोषलाई परेका समस्या र कोषलाई प्रभावकारी बनाउन अवलम्वन गर्नुपर्ने सुझावहरु ।

सचिव

अनुसूची - २
(नियम २० संग सम्बन्धित)

सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष
शपथ ग्रहण फारामको नमूना

म .... ईश्वरको नाममा शपथ लिन्छु कि सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान, सिप क्षमता र विवेकले भ्याएसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र कोषप्रति बफादार रही भय रहित भई, पक्षपात नगरी, कुनै लोभलालचमा नपरी अनुशासनमा रही सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको ऐन र नियमावली तथा प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कोषको कुनै पनि गोप्य कुरा आधिकारिक व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा सङ्केत गर्ने छैन ।

शपथ ग्रहण गर्ने कर्मचारीको

(क) नाम :

(ख) दस्तखत:

(ग) पद :

(घ) मिति :

शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको

(क) नाम:

(ख) दस्तखत:

(ग) पद :

(घ) मिति :

सचिव